# स्थानीय राजपत्र

## महाकुलुङ गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ....... बुङ, सोलुखुम्बु, नेपाल,  माघ ०७ गते २०८० साल

अतिरिक्ताङ्क .........

### भाग .....

महाकुलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल ।

महाकुलुङ गाउँपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

# महाकुलुङ गाउँपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०८०

**प्रस्तावना**

कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नका लागि गाउँपालिकाको कृषि क्षेत्रको व्यवसायिकरणमा टेवा पुर्याउन महाकुलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको कृषि विकास शाखाको वार्षिक स्वीकृत बजेटमा समावेश भएका कार्यक्रम संचालनलाई पार्दर्शी र प्रभावकारी बनाउनको लागि वाञ्छानीय भएकाले महाकुलुङ गाउँ कार्यपालिकाले महाकुलुङ गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा ६६ को उपदफा (ज) बमोजिम कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि २०८० तयार गरी जारी गरीएको छ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **महाकुलुङ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि २०८०** रहनेछ।

ख) यो कार्यविधि महाकुलुङ गाउँपालिकाको क्षेत्र भित्र लागू हुनेछ।

ग) यो कार्यविधि महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"ऐन"** भन्नाले महाकुलुङ गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ सम्झनु पर्दछ।

ख) **"गाउँपालिका"** भन्नाले महाकुलुङ गाउँपालिका सम्झनु पर्दछ।

ग) **"कार्यालय"** भन्नाले महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

घ) **"कार्यपालिका"** भन्नाले महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ङ) **"शाखा"** भन्नाले महाकुलुङ गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ।

च) **"अध्यक्ष"** भन्नाले महाकुलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

छ) **"उपाध्यक्ष"** भन्नाले महाकुलुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले महाकुलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

झ) **"कृषि व्यवसाय प्रवर्द्धन समिति"** भन्नाले कृषि क्षेत्र हेर्ने गरी कार्यपालिकाको निर्णयबाट गठित महाकुलुङ गा. पा. को कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ को परिच्छेद ३ को दफा ७ बमोजिमको समिति सम्झनु पर्दछ।

ञ) **"वडा"** भन्नाले महाकुलुङ गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्झनु पर्दछ।

ट) **"प्राविधिक"** भन्नाले महाकुलुङ गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारी र अन्य प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ।

ठ) **"अनुदान कार्यक्रम"** भन्नाले प्रस्तावको माग स्वीकृतिका आधारमा यस कार्यविधि अन्तर्गत दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ।

ड) **"अनुदानग्राही"** भन्नाले संचालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/ कृषि फर्म/ कृषि उद्यमी/ कम्पनी/ कृषक समूह/ कृषि सहकारी, संघ, संस्था सम्झनुपर्छ।

ढ) **"सहकारी"** भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रममा समावेश भएको सहकारी संस्थालाई सम्झनुपर्दछ।

ण) **"कृषक"** भन्नाले कृषि कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ।

त) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भइ मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्धेश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारीक निकायमा दर्ता भएका संस्थालाई सम्झनुपर्छ।

थ) **"फर्म"** भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि छनोट भएको दर्तावाल संस्था सम्झनु पर्नेछ।

द) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त कृषक/व्यवसायिक कृषि फर्म/कृषि उद्यमी/ कम्पनी/ कृषक समूह/ कृषि सहकारी, संघ, संस्था सम्झनु पर्दछ।

ध) **"कार्यविधि"** भन्नाले महाकुलुङ गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि २०८० सम्झनु पर्दछ।

## २. कार्यविधिको उद्देश्यहरुः-

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन्,

क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।

ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायिकरण गरी आत्मनिर्भर, आधुनिक, र प्रतिस्पर्धी बनाउने।

ग) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने।

घ) कृषिमा यान्त्रीकिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने।

ङ) प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन, एंव सदुपयोग गर्ने।

च) रोजगारीको अवसरहरु सृजना गरी गरीवी निवारणमा टेवा पुर्याउने।



नि.प्रमुख प्रशासकीय अधिकृत

छ) कृषक, कृषक समूह, कृषि सहकारी तथा व्यवसायिक कृषि फर्महरुले संचालन गर्ने कार्यक्रमहरुको प्रस्तावना अनुसार कार्यक्रम संचालन गर्ने।

ज) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने।

झ) प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने।

## परिच्छेद -२

## कार्यक्रम संचालन

### ३. कार्यक्रम संचालन गर्ने :-

दफा (२) का उद्देश्य पुरा गर्न गाउँपालिका क्षेत्र भित्र देहायका अभियान तथा कार्यक्रमहरु संचालन गरीनेछ।

क) कृषक पाठशाला कार्यक्रम

ख) करेसाबारी निर्माण अभियान

ग) बाँझो जग्गा व्यवस्थापन तथा करार खेति साझेदारी सहयोग कार्यक्रम

घ) फलफूल/ अन्य बगैंचा निर्माण, बिरुवा वितरण तथा बगैंचा व्यवस्थापन कार्यक्रम

ङ) तरकारी खेति तालिम तथा प्रविधि हस्तान्तरण अनुदान कार्यक्रम

च) मौरी पालनका लागि अनुदान तथा तालिम कार्यक्रम

छ) कृषि मेसिनरी उपकरण तथा अन्य कृषि सामाग्री वितरण कार्यक्रम

ज) कृषि मेला प्रर्दशनी कार्यक्रम

झ) विशेष अनुदान कार्यक्रम

ञ) नर्सरी निर्माण कार्यक्रम

ट) अगुवा तथा व्यवसायिक कृषकलाई परिचय पत्र वितरण तथा उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम

ठ) कृषि तालिम तथा अभिमुखिकरण, जनचेतनमुलक कार्यक्रम संचालन

ड) खाद्यान्न तथा तरकारीका बिउविजन वितरण कार्यक्रम

ढ) कृषि बाली संरक्षण कार्यक्रम

ण) च्याउखेति प्रवर्द्धन कार्यक्रम

त) अलैंची खेति विस्तार कार्यक्रम

थ) सम्भावनाको आधारमा समुह सहकारी मार्फत विभिन्न बालीको पकेट क्षेत्र निर्माण संचालन कार्यक्रम।

द) माटो परीक्षण गरी माटो सुधारका लागि सामाग्री/प्रविधि हस्तान्तरण तथा कार्यक्रम

ध) अन्य अनुदान तथा तालिम गोष्ठी कार्यक्रमहरु



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

## ४. कार्यक्रम संचालन कार्यविधि

दफा ३ का कृषि अन्तर्गतका कार्यक्रम संचालन गर्न देहायका कार्यविधि पुरा गर्नुपर्नेछ।

### क) कृषक पाठशाला संचालन कार्यक्रम :-

१) कृषक पाठशालाको संचालन गाउँपालिका कृषि शाखाले कृषक पाठशाला श्रोत व्यक्ति मार्फत वा पाठशालाको तालिम प्राप्त कृषि प्राविधिक वा कृषक सहजकर्ता वा कृषि अधिकृतले संचालन गर्ने छन्।

२) कृषक पाठशाला संचालन समुह वा सहकारीमा संचालन गर्न सकिनेछ।

३) पाठशाला संचालन गर्दा दर्तावाला कृषक समुह, सहकारीलाइ प्राथमिकता दिईनेछ।

४) पाठशाला संचालन गर्दा पान दर्ता गरेको कृषक समुह, सहकारीलाइ प्राथमिकता दिईनेछ।

५) विगतका वर्षहरुमा कृषक पाठशाला संचालन नभएका कृषक समुह तथा सहकारीलाई प्राथमिकता दिईनेछ।

६) पाठशाला संचालन गर्ने समुह र ठाँउको छनोट सम्भाव्यताको आधारमा कृषि व्यवसाय प्रर्वद्धन समिति वा कृषि विकास शाखावाट छनोट गरी संचालन गर्न सकिनेछ।

७) यस कार्यक्रमको संयोजक गाउँपालिकाको कृषि विकास शाखा प्रमुख वा प्रमुख नभएको अवस्थामा प्रमुखले तोकेको कर्मचारी हुनेछ।

८) पाठशाला संचालनको लागी कम्तिमा अन्नबाली, तरकारी बाली, आलुको लागी ५०० वर्गमिटर क्षेत्रफल हुनुपर्नेछ।

९) कृषक पाठशालामा दैनिक कम्तिमा ३ वटा कक्षा संचालन गनुपर्ने छ। पाठशाला सुरु गर्नु पहिले २५ जना सम्मको सहभागितामा २ वटा अन्तरक्रिया गोष्ठि संचालन गर्न सकिनेछ। कृषक पाठशाला बाली अवधिभर १६ हप्ताको हुनेछ र सो अवधिभरको पाठशाला संचालन गर्ने सहजकर्ता, संयोजक र प्रतिवेदन लेखनकर्ताले नियमानुसार भत्ता पाउनेछन्।

१०) पाठशाला संचालन गर्नुभन्दा पहिले प्रस्तावना तयार गरी कार्यालयबाट स्वीकृत भए बमोजिम संचालन हुनेछ।

११) पाठशाला संचालन प्रत्येक हप्ता गर्ने र कुनै समयमा बाली उत्पादनको अवस्था हेरि हप्तामा २ पटक सम्म पनि चलाउन सकिनेछ।

१२) कृषक दिवसको आयोजना वा पाठशाला समापनको कार्यक्रम गरी कृषकलाइ प्रमाणपत्र वितरण गरी पाठशाला कार्यक्रम सम्पन्न गरीनेछ।

१३) पाठशालामा सहभागि कृषकहरुलाइ प्रविधि हस्तान्तरण गर्न सकिनेछ ।

१४) कृषक पठशालामा संचालन गर्न सकिने क्रियाकलापहरु

- तयारी बैठक अन्तरक्रिया गोष्ठी २ पटक सम्म ।
- १ दिने Seasonal Planning गोष्ठि संचालन।
- १६ हप्ता १६ पटक प्रति दिन कम्तीमा ३ वटा गरी ४८ स्थलगत पाठशाला कक्षा संचालन।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- १ दिने कृषक दिवस वा समापन कार्यक्रम

यहा उल्लेख नभएका कार्यहरु कोशी प्रदेशको कृषक पाठशाला संचालन कार्यविधि, २०७५ बमोजिम कार्यान्वयन गरीनेछ।

**ख) करेसाबारी निर्माण अभियान :-**

१) करेसाबारी निर्माण अभियानका लागी कम्तिमा १५ र बढीमा ३० जना कृषकले समूह गठन गरी समूह दर्ता गरे पछि वा दर्तावाला समूहले शाखामा वा सम्बन्धित वडा कार्यालयमा करेसाबारी निर्माणका लागि अनुसुची-५ बमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ।

२) कृषि विकास शाखाले कार्यालयको आन्तरिक प्रक्रिया पुरा गरी पेश भएका निवेदन दर्ता भए पश्चात सम्बन्धित समूहसंग करेसाबारी निर्माणको लागी सम्झौता गरी निम्न बमोजिमको कार्य गर्नुपर्नेछ।

क) समूहका प्रत्येक सदस्यले निश्चित क्षेत्र (सकेसम्म करिब १२० वर्ग मिटर क्षेत्रफल हुने गरी) घरको नजिकै करेसाबारी क्षेत्र निर्धारण गर्नुपर्नेछ।

ख) करेसाबारीको निर्धारित क्षेत्रमा घेराबार, सिंचाई, जैविक मल, तथा जैविक विषादीको उचित व्यवस्थापन गर्नुपर्नेछ।

ग) करेसाबारी संचालनमा प्राविधिकले दिएको आवश्यक सल्लाह पालना गर्नुपर्नेछ।

३) समूहका सदस्य मध्ये पनि करेसाबारी निर्माण गरेका सदस्यले मात्र अनुदान प्राप्त गर्नेछ।

४) करेसाबारी निर्माण अभियानका प्रत्येक सदस्यले कम्तीमा रु. १०,०००/- हजारका दरले अनुदान पाउने गरी समुहलाई रकम भुक्तानी गर्दा विल, भरपाई, फोटा र अनुगमन प्रतिवेदनका आधारमा गरिनेछ।

५) समुहले प्रति सदस्य रु.१००००/- देखि अधिकतम् रु. २००००/- भित्र पालिकासँग सम्झौता गरी चालु तथा पुँजिगतका क्रियाकलाप संचालन गरी खर्च गरीनेछ।

६) समुहले करेसाबारीको लागि केही रकम नगद र केही रकम बराबरको सामान तथा प्रविधि तर्फ खर्च गर्न सक्नेछन्।

**ग) बाँझो जग्गा व्यवस्थापन तथा करार खेति साझेदारी सहयोग कार्यक्रम:-**

१) यस कार्यक्रम अन्तर्गत बाँझो रहेको आफ्नै जग्गा वा भाडाँमा लिएर व्यवसायिक खेति गर्न कम्तिमा २० रोपनी क्षेत्रफलमा तरकारी, फलफूल, मसला बाली, नगदे बाली, आदि लगाउनु पर्नेछ।

२) कृषक/ कृषक समूह/ सहकारी वा कृषि फर्मले जग्गा भाँडा लिएको भएमा कम्तीमा ५ वर्षको लागि सम्झौता गरेको हुनपर्नेछ।

३) जग्गा भाँडा, उत्पादन सामाग्री खरिदमा लाग्ने शुल्कमा बढीमा ७५% अनुदान प्रदान गरीनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

**घ) नयाँ फलफूल/ अन्य बगैंचा स्थापना, पुरानो बगैंचा व्यवस्थापन तथा विरुवा वितरण कार्यक्रम :**

१) एउटै जातको कम्तिमा ५ रोपनी क्षेत्रफलमा फलफूल वा अन्य बगैंचा निर्माण तथा क्षेत्र विस्तार गर्न चाहाने कृषकले शाखामा वा वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

२) कृषि विकास शाखाले कार्यालयको आन्तरिक प्रक्रिया पुरा गरी पेश भएका निवेदन दर्ता भए पश्चात सम्बन्धित समूहसंग बगैंचा निर्माणको लागी सम्झौता गरी निम्न बमोजिमको कार्य गर्नु पर्नेछ।

क) कम्तिमा ५ रोपनी जग्गामा एउटै जातको फलफुल वा अन्य बगैंचा निर्माण गर्नुपर्नेछ।

ख) बगैंचामा सिंचाई, जैविक मल, तथा जैविक विषादीको उचित व्यवस्थापन गर्नुपर्नेछ। ।

ग) विरुवा वितरण कार्यक्रमको हकमा प्राविधिक मापदण्ड बमोजिम खाडल तयार भएपश्चात मात्र विरुवा वितरण गरीनेछ।

घ) श्रोत केन्द्र वा अनुसन्धान केन्द्र वा दर्तावाला कृषि फर्म वा गाउँपालिकाले तोकेको उत्पादन केन्द्रमा उत्पादन भएका विरुवा मात्र लगाउनु पर्नेछ।

ङ) प्राविधिकले दिएको परामर्श र निर्देशनलाई पालना गर्नुपर्नेछ।

३) अनुदान रकम कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णय बमोजिम विरुवाको किसिम हेरी बढिमा ७५% वा कार्यक्रमको सम्झौता बमोजिम हुनेछ।

४) कृषक समूह/सहकारी तथा फर्म मार्फत कार्यक्रम कार्यान्वयन गर्दा चालु तथा पुँजिगतका कार्यहरु संचालन गर्न सक्ने गरी प्रस्ताव पेश गर्ने र स्वीकृत प्रस्ताव बमोजिम पालिकासंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरीनेछ।

**ङ) तरकारी खेति तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम :-**

गाउँपालिकामा विनियोजन भएको बजेटको आधारमा कृषि विकास शाखावाट प्रस्ताव तयार गरी स्वीकृत प्रस्तावको आधारमा तरकारी खेति तालिम तथा प्रविधि हस्तान्तरण अन्तर्गत प्लास्टिक टनेल, बिउविजन, जैविक विषादी लगायत अन्य आवश्यक कृषि समाग्रीहरु नि: शुल्क वितरण गरी कार्यक्रम संचालन गर्न सकिनेछ।

**च) मौरीपालनका लागि अनुदान कार्यक्रम :-**

१) ईच्छुक कृषकहरुले कम्तिमा २ घार मौरी पाल्नको लागि आवेदन पेश गर्न सक्नेछन्।

२) छनौट भएका कृषक/कृषक समूह/फर्म तथा सहकारीलाई गोला सहितका मौरीघार वा खाली मौरीघार ५० % अनुदानमा वितरण गर्न सकिनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

**छ) कृषि मेसिनरी उपकरण तथा अन्य कृषि सामाग्री बितरण कार्यक्रम :-**

१) कृषक/ कृषक समूह/ सहकारी/ फर्मले गाउँपालिकाबाट प्रकाशित कार्यक्रमको लागि अनुसुची-२ र वडा कार्यालयवाट प्रकाशित वडा स्तरीय कार्यक्रमको लागि अनुसुची-३ बमोजिमको निवेदन पेश गनुपर्नेछ।

२) गाउँपालिका भित्रका कृषकहरुलाई सबै किसिमका कृषि मेसिनरी उपकरण/औजार, सामाग्री, प्रशोधन मेशिन, कृषि फर्म/उद्योगमा प्रयोग हुने सामाग्री आदि कृषिजन्य विविध उपकरणमा ५० % सम्म अनुदान दिन सकिनेछ।

३) कृषि मेसिनरी जस्तै हाते ट्याक्टर, कुटानिपिसानि मिल, कोदो थ्रेसर, च्याफ कटर, मकै छोडयाउने मेसिन, दुध दुहुने मेसिन, रक्सी बनाउने मेशिन, आदिको हकमा ५० % अनुदान दिईनेछ।

४) अन्य कृषि सामाग्री जस्तै प्लाष्टिक टनेल, च्याउ प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी र अन्य प्लाष्टिक जन्य कृषि सामाग्रीमा ५० % अनुदान उपलव्ध गराईनेछ। यसका साथै बजेट किताबमा उल्लेखित कार्यक्रममा अनुदान प्रतिशत उल्लेख गरेको खण्डमा सोहि अनुरुप कार्यालयले अनुदान उपलब्ध गराउन कुनै बाधा पर्ने छैन।

५) अन्य उपकरण मेसिन, औजार, सामाग्रीमा दिइने अनुदान रकम कृषि व्यवसाय प्रर्वद्धन समितिको निर्णय बमोजिम हुनेछ।

६) कृषकको निवेदन वडा कार्यालयहरुबाट पेश भएपश्चात अनुसुची ४ को छनोट मापदण्ड बमोजिम कृषि व्यवसाय प्रर्वद्धन समितिले छनोट गनुपर्नेछ ।

७) प्राथमिकिकरण गर्दा क्रमशः दर्ता भएका, पान वाला तथा अघिल्लो आ. व. मा अनुदान नपाएका कृषक समूह, फर्म, सहकारीलाई प्राथमिकता दिईनेछ।

८) उपकरण, मेसिन, औजार, सामाग्री खरिद प्रक्रिया गाउँपालिकाको कानुन बमोजिम हुनेछ। सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद गरी वितरण गरीनेछ।

**ज) कृषि मेला प्रर्दशनी कार्यक्रम :-**

यस गाउँपालिका भित्र उत्पादन भएका कृषि जन्य वस्तुहरुलाई प्रोत्साहन गरी कृषकहरुको उच्च मनोवल बृद्धी गर्न कृषि विकास शाखाले अन्य साझेदारी संघ संस्थासंग साझेदारी र समन्वय गरी कृषि मेला प्रर्दशनी संचालन एवं उत्कृष्ट कृषकलाई नगद पुरस्कार तथा प्रविधि, कृषि सामाग्रीहरु वितरण गर्न सकिनेछ। सो कार्यक्रम पालिकाबाट स्वीकृत प्रस्ताव बमोजिम कार्यान्वयन हुनेछ।

**झ) विशेष अनुदान कार्यक्रम :-**

१) गाउँपालिकाले कृषिलाई रोजगारी सृजना, आर्थिक विकास, नागरीकको आयआर्जन वृद्धि, कृषि पर्यटन, आदिलाई मध्यनजर गरी ठूला, मझौला, साना तथा विशेष अनुदान कार्यक्रम संचालन गर्नेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

२) यस्तो कार्यक्रम संचालन गर्दा कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायिकरण, औद्योगिकरणलाई जोड दिईनेछ।

३) कार्यालयले कृषकसंग कार्यक्रमहरुमा ५०/५० % अथवा ६०/४० %अथवा ७५/२५ % लागत साझेदारी गर्न सक्नेछ।

४) प्रस्तावमा आधारित कार्यक्रम बजेटको परिधी भित्र रही प्रकाशित सूचनामा उल्लेखित बजेट अनुसारको प्रस्ताव पेश गर्नुपर्नेछ। छनोट भएमा सो प्रस्ताव अनुसार गाउँपालिकामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन हुनेछ।

५) कस्तो कार्यक्रम, कति अनुदान, कृषक छनौट विधि आदि कृषि व्यवसाय प्रर्वद्धन समितिले निर्णय गरे पश्चात कृषकले गाउँपालिकासंग सम्झौता गरी काम अगाडी बढाउनु पर्नेछ ।

## ञ) नर्सरी निर्माण कार्यक्रम :-

१) नर्सरी निर्माण कार्यक्रम अन्तर्गत विभिन्न जातका फलफूल, तरकारी, पुष्प, नगदे बाली र वन पैदावारका विरुवाहरु उत्पादन गर्न सकिनेछ।

२) नर्सरी निर्माण/ संचालन गर्न इच्छुक कृषि फर्म, समूह तथा सहकारीले प्रस्तावना पेश गरी कार्यक्रम संचालन गर्दा पालिकासंग सम्झौता गरी सम्झौता र कार्यदिश बमोजिम काम सम्पन्न गर्नुपर्नेछ।

३) यस अलावा गाउँपालिका स्वयम् आफैले विरुवा उत्पादनका निम्ति जग्गा भाडामा लिन वा किन्न सक्नेछ र सो स्थानमा कार्यालयले विभिन्न फलफूल तथा पुष्प, चिया, कफी लगायत अन्य विरुवा उत्पादनका निम्ति नर्सरी/बगैंचा निर्माण तथा कृषि उत्पादन परिक्षण र अनुसन्धान समेत गर्न सक्नेछ। उक्त नर्सरी/बगैंचामा गाउँपालिकाले हेरालु कामदार राख्न सक्नेछ र कृषि विकास शाखाबाट प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराइ प्रस्तावना बमोजिमको कार्यक्रम गर्न सक्नेछ।

४) नर्सरी निर्माण तथा संचालन गर्दा आवश्यक सामाग्रीहरु खरिदका निम्ति पेश्की रकम समेत दिन सकिनेछ।

५) यसरी उत्पादन गरीएका विरुवाहरुलाई कार्यालयले कार्यविधि र स्वीकृत प्रस्तावना बमोजिम कृषकहरुलाई वितरण गर्न सक्नेछ।

६) नर्सरीबाट भएको आम्दानी रकमलाई गाउँपालिकामा आम्दानीको रुपमा दाखिला गर्नुपर्नेछ।

## ट) अगुवा तथा व्यवसायिक कृषक परिचय पत्र वितरण तथा उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम :-

१) गाउँपालिकाका कृषकहरुको लगत खडा गरी कृषक परिचय पत्र प्रदान गरीनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका गाउँपालिकाको कार्यालय सोलुखुम्बु कोशी प्रदेश,नेपाल

२) कृषि व्यवसाय प्रर्वद्धन समितिले उत्कृष्ट, अगुवा र व्यवसायिक कृषक अथवा कृषक समुह छनौट गर्ने मापदण्ड तोक्ने छ।

३) कृषि व्यवसाय प्रर्वद्धन समितिले तोकेको मापदण्ड अनुसार कुन क्षेत्रमा, कति उत्पादन र आम्दानी गरी उत्कृष्ट, अगुवा वा व्यवसायिक कृषक हो ठहर गरी समितिको निर्णय बमोजिम छनौट भएका कृषकहरुलाई वडा कार्यालयबाट गाउँपालिकामा अगुवा वा व्यवसायिक कृषक परिचय पत्र दिनका लागि सिफारिस गर्नुपर्नेछ ।

४) छनौट प्रक्रिया पुरा गरी आएका कृषकहरुलाई पालिकाको कृषि शाखाबाट प्रस्ताव तयार गरी स्वीकृत प्रस्ताव बमोजिम कृषक परिचय पत्र वितरण गरीनेछ।

५) कृषि व्यवसाय प्रर्वद्धन समितिको निर्णय अनुसार मापदण्ड पुरा भइ छनौट भएका कृषकहरुलाई कृषक परिचय पत्र प्रदान गर्नुका साथै प्रविधि हस्तान्तरण पनि गर्न सकिनेछ। यसका साथै बजेटको परिधि भित्र रहि उक्त कृषकहरुलाई अवलोकन भ्रमणमा समेत लैजान सकिनेछ। सो सम्बन्धि आवश्यक निर्णय कृषि हेर्ने समितिले गर्नेछ। सो कार्यक्रम संचालन गर्न पेश्की रकम पनि लिन सकिनेछ।

६) सोही मापदण्डको आधारमा गाउँपालिकामा निवेदन पेश भएका कृषकहरुलाई गाउँपालिका स्तरीय अनुगमन समितिले वा कम्तिमा ३ जना विषयगत प्राविधिकहरुले अनुगमन गरी कृषि व्यवसाय प्रर्वद्धन समितिको निर्णय अनुसार उत्कृष्ट कृषक/समुह/फर्म लाई नगद, सामाग्री वा प्रविधि सामान हस्तान्तरण गरी प्रोत्साहन गरीनेछ।

७) प्रोत्साहनको लागि प्रमाणपत्रको साथ प्रति व्यक्तिगत फर्मलाई रु. ५,०००— १०,०००/- सम्म प्रति साझेदारी फर्मलाई रु. १०,०००— १५,०००/- सम्म समुह रु. १५,०००—३०,०००/- सम्मको रकम वा प्रविधि वा सामान कृषि शाखाबाट प्रस्ताव तयार गरी कृषि व्यवसाय प्रर्वद्धन समितिबाट छनोट भएका कृषक समुह र कृषकलाई बजेटको परिधी भित्र रही प्रोत्साहन स्वरुप बितरण गरीनेछ।

**ठ) कृषि तालिम तथा अभिमुखीकरण जनचेतनामुलक कार्यक्रम संचालन :-**

१) यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका कृषकहरुलाई विभिन्न किसिमका तालिमहरु जस्तै व्यवसायिक मौरीपालन तालिम, कफी खेति प्रविधि तालिम, व्यवसायिक तरकारी खेति तालिम, प्राङ्गारिक कृषि तालिम, व्यवसायिक फलफूल खेति तालिम, व्यवसायिक बाखापालन/ कुखुरापालन/ माछापालन तालिम, च्याउ खेति तालिम, पोस्टहारभेस्ट (उत्पादनोपरान्त) प्रविधि सम्बन्धि तालिम, प्राङ्गारीक प्रमाणीकरण सम्बन्धि तालिम, आदि तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्न सकिनेछ।

२) उक्त तालिमहरुलाई कृषि विकास शाखाबाट प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई तालिम संचालन गरीनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

३) साथै आवश्यकता अनुरुप स्वीकृत प्रस्ताव बमोजिम कृषकहरुलाई तालिमका दौरान अनुदानमा प्रविधि समेत हस्तान्तरण गर्न सकिनेछ।

**ड) खाद्यान्न तथा तरकारीका बिउविजन वितरण कार्यक्रम :-**

१) गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम निवेदन पेश गरी छनौट भई आएका कृषक, कृषक समुह, फर्म तथा सहकारीलाई बढीमा ७५% अनुदानमा खाद्यान्न वालीका बिउविजन वितरण गर्ने। तरकारी तथा मसलाबालीका बिउविजनको हकमा ७५% अनुदानमा अथवा बजेटको परिधि भित्र रहि स्वीकृत प्रस्ताव बमोजिम नि:शुल्क रुपमा पनि वितरण गर्न सकिनेछ।

२) कार्यक्रम कार्यान्वयन गर्नको निम्ति कृषि विकास शाखाबाट प्रस्ताव/ लागत अनुमान तयार गरी स्वीकृत प्रस्ताव बमोजिम खरिद प्रक्रिया अगाडि बढाइ बिउविजन खरिद गरी कृषकहरुलाई वितरण गर्ने।

३) काम सम्पन्न पश्चात कृषि विकास शाखाबाट प्रतिवेदन तयार गरी उक्त सप्लायर्सको खातामा रकम भुक्तानी गरीनेछ।

**ढ) कृषि बाली संरक्षण कार्यक्रम :-**

१) यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका कृषकहरुको खेतबारी तथा बगैंचामा बालीनालीमा विभिन्न समय खण्डमा देखिने विभिन्न किसिमका रोग तथा किराहरुको प्रकोप नियन्त्रण तथा रोकथाम गर्नको निम्ति त्यसको सम्बेदनशिलतालाई मध्यनजर गरी सोहि अनुरुप कृषि विकास शाखाबाट प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्ताव/ अनुमानित लागत स्वीकृत गराई आवश्यक जैविक विषादीहरु खरिद गरी कृषक, कृषक समुह, फर्म तथा सहकारीलाई नि:शुल्क रुपमा उक्त विषादीहरु बितरण गरीनेछ।

२) गाउँपालिकाले फलफुल, तरकारी बालीलाई विशेष प्राथमिकतामा राखे अनुरुप जैविक तथा प्रांगारिक तरिकाले संरक्षणको निम्ति निलोतुथो र चुन खरिद गरी नि:शुल्क रुपमा कृषकलाई बितरण गर्न सकिनेछ।

३) कार्यक्रम संचालनको लागि आवश्यकता अनुरुप पेश्की रकम लिएर पनि संचालन गर्न सकिनेछ।

**ण) च्याउखेति प्रवर्द्धन कार्यक्रम :-**

१) गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम निवेदन पेश भइ कृषि व्यवसाय प्रर्वद्धन समितिबाट छनौट भई आएका कृषक/कृषक समूह/फर्म तथा सहकारीलाई यस कार्यक्रम अन्तर्गत च्याउ टनेल निर्माण गर्ने प्लाष्टिक, च्याउको बीउ, च्याउ उमार्ने प्लाष्टिक लगायत अन्य सामाग्रीहरु बढीमा ७५% अनुदानमा वा स्वीकृत प्रस्ताव बमोजिम नि:शुल्क रुपमा वितरण गर्न सकिनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

२) कृषक समूह/सहकारी तथा फर्म मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्राविधिक मापदण्डमा रही गाउँपालिकासंग सम्झौता गरी चालु तथा पुँजिगतका कार्यहरु संचालन गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

त) **अलैंची खेति विस्तार कार्यक्रम :-**

१) कार्यक्रमका लागि छनौट भएका कृषकलाई अलैंची खेति विस्तारका निम्ति विरुवा वितरणमा बढीमा ७५% अनुदान र अलैंची बगैंचा व्यवस्थापन (मल, सिंचाई तथा रोग किरा व्यवस्थापन, औजारहरु आदि) र अलैंची प्रशोधन सम्बन्धि (सुधारिएको भट्टी निर्माण, सोलार ड्रायर खरिद तथा अन्य क्रियाकलाप) का लागि ५० % अनुदान दिन सकिनेछ।

थ) **पकेट क्षेत्र निर्माण संचालन कार्यक्रम :-**

१) गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम कृषि व्यवसाय प्रर्वद्धन समितिबाट छनौट भई आएका कृषक/ कृषक समुह/ फर्म तथा सहकारीलाई गाउँपालिकासंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

२) सम्भावनाको आधारमा बिभिन्न बालीको पकेट संचालन गरी सो पकेटमा तालिम, गोष्ठि, प्रविधि हस्तान्तरण तथा अन्य चालु तथा पुँजिगतका कार्यक्रम संचालन गर्न सकिनेछ।

३) गाउँपालिकाका स-साना पकेट क्षेत्र निर्माण गर्दा तरकारी र नगदे बालीको हकमा २० रोपनी फलफूल र खाद्यान्नको हकमा न्युनतम ५० रोपनीमा संचालन गर्न सकिनेछ।

द) **माटो परीक्षण गरी माटो सुधारका लागि सामाग्री/प्रविधि हस्तान्तरण कार्यक्रम :-**

यस कार्यक्रममा खेतियोग्य जमिनमा रासायनिक मल/ विषादीको अत्याधिक प्रयोगले परेको नकारात्मक प्रभावलाई सुधार गर्न माटो जाँच, माटो सुधार र प्राङ्गारिक उत्पादनमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गरीनेछ।

१) यस कार्यक्रम अन्तर्गत माटो परीक्षणका निम्ति मिनी ल्याब संचालन गर्नका लागि आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ।

२) माटो सुधारका लागि बढीमा ७५% अनुदानमा आवश्यक सामाग्रीहरु जस्तै जिंक, ढैचाको बीउ, कृषि चुन तथा जिप्सम आदि वितरण गर्न सकिनेछ।

३) यस कार्यक्रमबाट माटो परिक्षण तथा माटो सुधारका निम्ति माटो शिविर, नविनतम तालिम तथा अभिमूखीकरण कार्यक्रम समेत संचालन गर्न सकिनेछ। यस प्रकारका कार्यक्रमहरुमा कृषकहरुले लागत सहभागिता व्यहोर्नु पर्ने छैन। तर समूह तथा कुनै संस्थाले आयोजना गरेको भए समन्वय र सहमतीबाट तोकिए बमोजिम हुनेछ।

४) नियमित रुपमा माटो जाँच गर्नका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु बढीमा ७५% सम्म अनुदानमा उपलब्ध गराइनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

५) माटो जाँच गरेपछि कार्यालयले माटो जाँच रिपोट कार्ड वितरण गर्न सक्नेछ।

६) कृषकहरुलाई माटोको नमुना संकलन गर्ने तरिका सम्बन्धि तालिम उपलब्ध गराई सरकारी तथा निजि माटो परिक्षण प्रयोगशाला मिनि ल्याबबाट माटो परिक्षण गराई कृषकहरूको माटोको रिपोर्ट विवरण कृषि विकास शाखाले वितरण गर्न सक्नेछ।

**ध) अन्य अनुदान कार्यक्रम, तालिम, गोष्ठी वा विविध कार्यक्रमः—**

१) यस कार्यविधिमा उल्लेख नभएका र अन्य केही कार्यक्रमहरुको लागि कृषि व्यवसाय प्रर्वद्धन समितिको निर्णय अथवा कार्यपालिका वैठकको निर्णय अथवा वडा समितिको निर्णय बमोजिम कृषक, कृषि फर्म, समुह वा सहकारीले प्रस्तावना तयार गरी गाउँपालिकासंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

२) यस कार्यविधिमा उल्लेख नभएका र अन्य केहि कार्यक्रमहरुको लागि कृषि विकास शाखा मार्फत प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई पेश्की मार्फत अथवा काम सम्पन्न पछि रकम भुक्तानी उपलव्ध गराउने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

३) अन्य कार्यक्रमहरु कार्यालयको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद – ३

## कार्यक्रम संचालन प्रक्रिया

**५. कार्यक्रम संचालन**

क) महाकुलुङ गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा कृषि विकास कार्यक्रम संचालन कार्यविधिको लागि बजेट व्यवस्था भए बमोजिम संचालन गरीनेछ।

ख) **प्रस्ताव माग** - कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसुची-१ को ढाँचामा ७ देखि १५ दिनको सूचना प्रकाशन गरी कृषक/कृषक समूह/निजि फर्म तथा सहकारीहरुसंग प्रस्ताव माग गर्नेछ।

ग) **प्रस्ताव पेश** - सूचनामा तोकिए बमोजिमको कागजात सहित उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका प्रस्तावकहरुले अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन महाकुलुङ गाउँपालिकाको कृषि विकास शाखामा वा वडा कार्यालयमा पेश गर्नुपर्नेछ।

घ) वडा कार्यालयमा पेश भएका निवेदनहरु वडा कार्यालयको सिफारिस सहित सबै निवेदन एकसाथ पालिकाको कृषि विकास शाखामा दर्ता गर्नुपर्नेछ।

ङ) **प्रारम्भिक छनौट तथा सिफारिस** - प्राप्त प्रस्तावहरु उपर कृषि विकास शाखाले प्रस्तावमा माग गरिएका कागजातहरुको रुजु गरी कृषि व्यवसाय प्रवर्द्धन समिति वा अन्य कृषि हेर्ने समिति समक्ष पेश गर्नुपर्नेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सोलुखुम्बु कोशी प्रदेश,नेपाल

च) **स्थलगत प्रमाणिकरण सिफारिस-** कृषि विकास शाखाले स्थलगत प्रमाणिकरण र छनौट मापदण्ड (अनुसूची-४) को आधारमा शाखा वा कृषि व्यवसाय प्रवर्द्धन समितिले अनुदानग्राही छनौट गर्नेछ।

छ) **सम्झौता प्रक्रिया**

१. छनौट भएका अनुदानग्राही र कार्यालय बिच (अनुसूची – ६) स्वीकृत कार्ययोजना बमोजिम /अनुसार सम्झौता गरीनेछ।

२. सम्झौता पश्चात कार्यालयले कायदिश दिनेछ।

३. कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समयावधि भित्र सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद – ४

## समिति सम्बन्धी व्यवस्था

### ६. छनौट तथा अनुगमन समितिः-

महाकुलुङ गाउँपालिका भित्र संचालित कृषि विकास शाखा अन्तर्गतका कार्यक्रमको आवेदक छनौटको लागि वडा स्तरीय कार्यक्रममा वडा समिति र गाउँपालिका स्तरीय कार्यक्रममा कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ।त्यसै गरी अन्तिम भुक्तानीको लागि तपशिल अनुसारका अनुगमन समिति रहने छन् र अनुगमन गर्दा अनुगमन समितिको ६० प्रतिशत सहभागिता अनिवार्य हुनुपर्नेछ। वडा स्तरीय अनुगमन समितिले कृषक/समुह/सहकारी /संस्थाको साझेदारी रकम सहित रु ५ लाख सम्मको अनुगमन गर्न सक्नेछ। सो रकम भन्दा माथीको बजेटमा गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन गरी रकम भुक्तानीको लागि सिफारिस गर्नुपर्नेछ ।

**क) वडा स्तरीय अनुगमन समिति देहाय बमोजिम हुनेछ।**

संयोजक : वडा अध्यक्ष

सदस्य : वडा सदस्य (२जना)

सदस्य : वडा सचिव

सदस्य-सचिव : कृषि तथा पशुसेवा प्राविधिक

**ख) गाउँपालिका स्तरीय अनुगमन समिति देहाय बमोजिम हुनेछ।**

संयोजक : गाउँपालिका उपाध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी

सदस्य : आर्थिक विकास समिति संयोजक वा कृषि हेर्ने समितिको संयोजक

सदस्य : गाउँपालिकाको कार्यपालिका महिला सदस्य

सदस्य : आर्थिक प्रशासन शाखा/ योजना अनुगमन शाखा प्रमुख वा प्रतिनिधि कर्मचारी

सदस्य : कृषि तथा पशुसेवा शाखाको प्राविधिक कर्मचारी

नि.प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिव : कृषि विकास शाखा प्रमुख

**नोट :** अनुगमन समितिको कार्यव्यस्तताका कारण तत्काल अनुगमन गर्न असमर्थ भएमा अनुगमन समितिको निर्णय बमोजिम कृषि शाखाका कम्तिमा ३ जना कर्मचारीलाई भुक्तानीको अन्तिम अनुगमनका लागि खटाउन सकिनेछ। वडा स्तरीय अनुगमन समितिको कार्यव्यस्तताको कारण समयमा अनुगमन हुन नसकेमा वा अनुगमन ढिलो भएमा गाउँपालिका स्तरीय अनुगमन समितिले वा सो समितिको निर्णय बमोजिम कृषि विकास शाखाबाट तोकिएको कर्मचारीहरूले अनुगमन गरी रकम भुक्तानीको लागि सिफारिस गर्न सक्नेछ।

## परिच्छेद – ५

### ७. भुक्तानी प्रक्रिया

क) कार्यक्रम संचालनको लागि कृषि विकास शाखाबाट संचालन हुने कार्यक्रम बाहेक अन्य कार्यक्रमका लागि पेश्की रकम उपलब्ध गराइने छैन। कार्य प्रगति/ कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ।

ख) सतप्रतिशत काम सम्पन्न भएपछि मात्र भुक्तानी गरीनेछ।

ग) रकम भुक्तानी गर्दा अनुदानग्राहीको व्यवसायिक फर्म/ कृषक समूह/ कृषि सहकारीको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी गरीनेछ।

घ) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको कागजात तथा प्रक्रिया पुरा गरेपछि मात्र रकम भूक्तानी गर्नेछ.

- भुक्तानी माग निवेदन
- वडा कार्यालयको सिफारिस
- अनुगमन समितिको अनुगमन प्रतिवेदन
- आवश्यकता अनुसारका बिल, भरपाई, डोरहाँजिर, आदि
- लागत अनुमान तथा प्रस्तावना
- काम सुरु हुनुभन्दा पहिलेका र काम सम्पन्न भए पश्चातका रङ्गिन फोटाहरु
- टिप्पणी
- कार्यक्रमको प्रकृति अनुसार अन्य आवश्यक कागजातहरु

ङ) कार्यक्रमको रकम भुक्तानी गर्दा नियमानुसार करकट्टी र पुँजिगत निर्माण कार्य भएकोमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरीनेछ। उक्त रकम प्रचलित कानुन अनुसार खर्च गर्न सकिनेछ।

च) सम्झौतामा भए बमोजिमका कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीहरुलाई भुक्तानी दिन बाध्य हुने छैन।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल

## परिच्छेद – ६

## कार्यक्रम सुपरिवेक्षण, अनुगमन र प्रतिवेदन

**८. सुपरिवेक्षण तथा अनुगमनः-**

आवश्यकता अनुसार कृषि व्यवसाय प्रवर्द्धन समिति, अनुगमन समिति, आर्थिक विकास समिति, कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयबाट कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिनेछ।

- संचालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित लाभग्राहीले कृषि विकास शाखा समक्ष पेश गर्नुपर्नेछ।
- संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखाले आवश्यकता अनुसार समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ।

## परिच्छेद – ७

## विविध

**९. कारबाहीको व्यवस्था :-** सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसंग प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरीनेछ।

**१०. गाउँपालिकाको निर्णय बमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएका विषयबस्तुको सम्बन्धमा कुनै अस्पष्टता भए सोको व्याख्या गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**११. अनुदान प्राप्त नहुने :-** संघ, प्रदेश तथा स्थनीय तहबाट संचालन हुने समान प्रकृतिका कार्यक्रम तथा परियोजनाका लागि दोहोरो हुने गरी अनुदान प्रवाह गरीने छैन।

**१२. बाधा अड्चन, निरुपण र संशोधन**

क) यस कार्यविधि कार्यान्वयनमा बाधा, अड्चन वा विवाद भएमा सोको निरुपण महाकुलुङ गाउँकार्यपालिकाले गर्नेछ।

ख) यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१३. संशोधन :-** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट थपघट, हेरफेर, संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**१४. बचाउ :-** यस अघि भए गरेका कृषि विकाससंग सम्बन्धित कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल

## अनुसूची -१

## सूचनाको ढाँचा

**........................ कार्यक्रमको लागि प्रस्ताव आवाह्वानको सूचना**

**सूचना! सूचना!! सूचना!!!**

प्रस्तुत विषयमा महाकुलुङ गाउँपालिका ...................................... को आर्थिक वर्ष ........................ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन हुने ..........................................................................................................कार्यक्रम संचालन गर्न यस महाकुलुङ गा.पा. क्षेत्र भित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ......... दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव तपशिल अनुसारका कागजातहरु र निवेदन यस कार्यालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**कार्यक्रमका निम्ति प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरू :**

क) आवेदकको सक्कल निवेदन

ख) कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्तावना

ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

घ) कृषक/कृषि फर्म/उद्यमीको दर्ता प्रमाण पत्र (नविकरण सहित), पान दर्ता, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (दर्ता भएमा)

ङ) आवेदकको नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि

च) कार्यक्रम संचालनको लागि जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाँडामा लिएको भए कम्तिमा पाँच वर्षको करार सम्झौता पत्रको प्रतिलिपि

छ) कृषक समूहको हकमा बैठकको निर्णयको प्रतिलिपि

ज) लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता पत्र ।

झ) सोहि शिर्षकमा अन्य निकायबाट अनुदान नलिएको स्वघोषण पत्र ।

**नोट**: (कार्यालयवाट वितरण गरीने साना कार्यक्रमहरुको लागि दर्ता बिना पनि अनुदान वितरण गर्न सकिनेछ।)

.................................................... ................................

कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

अनुसूची— २

**१) कृषि मेसिनरी औजार, उपकरण, प्लाष्टिक टनेल तथा अन्य कृषि सामाग्री, फलफूल विरुवा, किम्री, टिमुर, चिया, अलैंची, कफी विरुवा, आदिको मागको लागि दिइने निवेदनको ढाँचा (गाउँपालिकावाट प्रकाशित सूचनाको लागि )**

मितिः............./......./......

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
महाकुलुङ गाउँपालिकाको कार्यालय,
बुङ, सोलुखुम्वु।

विषयः ..............................उपलव्ध गराईदिनुहुन ।

प्रस्तुत विषयमा महाकुलुङ गाउँपालिकाको कार्यालयबाट मिति.............................मा प्रकाशित सूचना अनुसार आफ्नो कृषि पेशा/व्यवसायलाई थप टेवा पुऱ्याउनको निम्ति मलाई ..................................................कार्यक्रम अन्तर्गत ........................................सामाग्री ....................................वटा आवश्यक परेकाले तहाँ कार्यालयवाट प्रकाशित सूचना बमोजिमका सेवा शर्तहरू पालना गर्ने गरी उपलव्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको नाम :

ठेगाना :

सम्पर्क नं :

दस्तखतः

संस्थाको नाम र छाप :

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

## अनुसूची— ३

**१) कृषि मेसिनरी औजार, उपकरण, प्लाष्टिक टनेल तथा अन्य कृषि सामाग्री, फलफूल विरुवा,कफी विरुवा, आदिको मागको लागि दिइने निवेदनको ढाँचा (वडा कार्यालयवाट प्रकाशित सूचनाको लागि )**

मितिः................/......./......

श्री वडा अध्यक्ष ज्यू,
महाकुलुङ गाउँपालिका .........वडा कार्यालय,
....................., सोलुखुम्बु।

बिषयः ..............................उपलव्ध गराईदिनुहुन ।

प्रस्तुत विषयमा महाकुलुङ गाउँपालिका/वडा कार्यालय मिति.............................मा प्रकाशित सूचना अनुसार आफ्नो कृषि पेशा/व्यवसायलाई थप टेवा पुऱ्याउनको निम्ति मलाई ..................................................कार्यक्रम अन्तर्गत ........................................सामाग्री ....................................वटा आवश्यक परेकाले तहाँ कार्यालयवाट प्रकाशित सूचना बमोजिमका सेवा शर्तहरू पालना गर्ने गरी उपलव्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको नाम :

ठेगाना :

सम्पर्क नं :

दस्तखतः

संस्थाको नाम र छाप :

नि.प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची- ४

विभिन्न कृषि सामाग्री वा अनुदान वितरका लागि कृषक तथा कृषक समूह, फर्म, सहकारी छनौटका निम्ति अङ्कभार सहितको मापदण्ड :

| क.सं. | कृषक/ कृषक समूह/ सहकारी/ फर्म/ उद्यमीको नाम | कार्यक्रम गर्ने जग्गाको क्षत्रफल (१५) | दर्तावाला संस्था तथा फर्म (१५) | वैदेशिक रोजगारबाट फर्किएको युवा (१०) | गत आ.व. मा कार्यक्र नपाएको (२०) | सामुहिक लाभग्राही भएको (१५) | लागत साझेदारी गर्न सक्ने (१५) | गरिब तथा विपन्न वर्ग (१०) | जम्मा अङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोट-** सोको मुल्याङ्कन पालिकाको कृषि विकास शाखा वा कृषि व्यवसाय प्रवर्द्ध समितिले गरी छनौट कार्य सम्पन्न गर्नेछ। मुल्याङ्कनको मापदण्डको आधारहरु आवश्यकता अनुसार कृषि व्यवसाय प्रवर्द्धन समिति वा अन्य कृषि हेर्ने समितिले हेरफेर गर्न सक्नेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## अनुसूची— ५

## कार्यालय सँग सम्झौता गरी काम गर्ने कार्यक्रमहरुको हकमा व्यवसायिक योजनाः (प्रस्तावना)

क) कार्यक्रमको संक्षिप्त परिचयः

१. कार्यक्रमको नामः

२. कार्यक्रम संचालन गरीने स्थानः

३. कार्यक्रमको किसिमः

४. कार्यक्रम सञ्चालनको समयावधिः मिति ..........................देखि ...............सम्म

५. आबेदकको नाम र ठेगाना :

६. कार्यक्रमको कूल लागत रकमः

७. आवेदकको लगानि रकम :

८. सम्पर्क व्यक्ति :

ख) परियोजना/कार्यक्रमको संक्षिप्त विवरणः

१. परियोजना/कार्यक्रमको संक्षिप्त परिचयः

२. कार्यक्रमको उद्देश्यः

३. लाभान्वित हुने घरधुरि संख्याः प्रत्यक्षः ........ अप्रत्यक्षः ........

४. लाभान्वित हुने जनसंख्याः प्रत्यक्ष : ........ अप्रत्यक्षः ........

५. जग्गाको क्षेत्रफलः ................रोपनी

६. प्रमुख रुपमा लगाइने बालीहरु :.................... पशुपन्छी : ..........................

७. अनुमानित वार्षिक उत्पादन :

८. परियोजना स्थलमा रहेका पूर्वाधारहरुः

९. कृषि सम्बन्धी कुनै तालिम लिएको/ नलिएको : (लिएको भए कुन तालिम हो उल्लेख गर्ने) :

तालिम अवधि :

१०.कार्यक्रम सञ्चालन सम्बन्धि अनुभव : छ/छैन :

अनुभव भए ३ वर्षभन्दा कम ( ) ३ वर्षभन्दा बढी ( )

११. परियोजनाको अनुमानित लागतः



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

१२.परियोजना सञ्चालनका लागि आवश्यक पर्ने उपकरण/साधनहरू :

१३. कार्यक्रमको आर्थिक प्रस्ताव :

| क्र. सं. | प्रस्तावित क्रियाकलापहरु | परिमाण | दर (रु.) | जम्मा लागत (रु.) | प्रस्तावित अनुदान (रु.) | आवेदकको लगानी (रु.) | अन्य निकाय (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१४.निष्कर्ष

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल

## अनुसूची— ६

## सम्झौता —पत्र

महाकुलुङ गाउँपालिका ........................ को आ.व. ................ को वार्षिक स्वीकृत .......................... कार्यक्रम प्रस्तावको आधारमा सञ्चालनका लागि यस महाकुलुङ गाउँपालिकावाट प्रथम पटक मितिः ...................... गते प्रकाशित सुचना अनुसार प्रस्ताव पेश हुन आएकोमा रु ..................................... (अक्षेरुपी ...........................) मध्ये कार्यालयवाट ....................% ले हुन आउने अनुदान रकम रु .....................(अक्षेरुपी) र छनोट भएका कृषक/ कृषक समूह/कृषि फर्म/ कृषि सहकारीको तर्फबाट हुन आउने लागत समझेदारी ................% रकम रु .....................(अक्षेरुपी ..................................) हुने गरी तपशिल अनुसारको ....................................... कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरुमा मन्जुर गरी यो सम्झौता गरीएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | गाउँपालिकाले ब्यहोर्ने | अनुदानग्राहीले ब्यहोर्ने | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

१. यो सम्झौता पत्र **महाकुलुङ गाउँपालिका** (यसपछि प्रथम पक्ष) र **श्री** ........................................................ (यसपछि दोस्रो पक्ष भनिने) बीच ......................................... कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिबाट प्रारम्भ हुनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ७ दिनभित्र सुरु गर्नुपर्नेछ।

४. प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिबेदन दोस्रो पक्षबाट प्राप्त भएपश्चात् कार्यक्रमको लागि छुट्याईएको बजेट अग्रिम आयकर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउनेछ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामाग्री आपूर्तिकर्ता/मेशनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सक्नेछ। दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा बिल विजक पेश गर्नुपर्नेछ।

५. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष हुनेछ।

६. कार्य सम्पन्न गर्नुपर्ने समय मिति ......................................... देखी मिति ......................... गते सम्म हुनेछ।

७. दोस्रो पक्षले कार्यक्रमको कार्य सुरू गर्नु भन्दा पूर्व, कार्यक्रम कार्य सञ्चालन हुन अगाडीको, हुदै गरेको र कार्यक्रम सम्पन्न भैसकेपछिको फोटाहरु अन्तिम भुक्तानीको लागि पेश गरीने बिल भर्पाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

८. दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिईएको अनुदान रकम कार्यक्रममा आवश्यक सामाग्री/ उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्राईको कारणबाट कार्यक्रमबाट खरिद गरीएको सामाग्री हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिईएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरीनेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

९. दोस्रो पक्षले कार्यक्रम सम्पन्न गर्न लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ।

१०. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

११. दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

१२. सम्झौताको सम्बन्धमा कुनै विवाद आएमा प्रचलित कानुन बमोजिम हुनेछ।

१३. कार्यक्रम सम्बन्धि प्रथम पक्ष र दोस्रो पक्ष बीच कुनै विवाद आएमा महाकुलुङ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

१४. स्थानीय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिनेछ।

१५. अन्य कुनै बुँदामा थपघट गर्नुपरेमा दुबै पक्षको आपसी समझदारीमा गरीनेछ।

१६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

१७. संलग्न फारामहरु

क) कार्यक्रमको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) कार्यक्रमबाट प्रतक्ष लाभान्वित हुने समूह/कृषकहरुको नामावली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनि दस्तखत गर्ने:

**दोस्रो पक्षको तर्फबाट**

कृषि फर्म/कृषक समूहबाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधि

नामः

प्रतिनिधित्व गर्ने कृषक फर्म/समूहको नामः

दस्तखतः

ठेगानाः

मिति :

छापः

**प्रथम पक्षको तर्फबाट**

नाम थर :

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति :

कार्यालयको छापः

**साक्षी**

नाम थर:

पद:

दस्तखत :

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः

आज्ञाले

झमक बहादुर कटुवाल

नि. प्रमुख प्रशासकीय अधिकृत